# सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
# CDS and Clearing Limited

पत्र संख्या : २०६९/०७० — ९०
चलानी नं. : ८२

CDS
and
Clearing Ltd.

## प्रेश विज्ञप्ती

धितोपत्र कारोबारलाई थप व्यवस्थित गर्न, विद्युतीय माध्यमबाट धितोपत्रको अभिलेख राख्न केन्द्रीय निक्षेप प्रणालीको स्थापना भई मिति २०६८/१०/५ गतेका दिन निक्षेप सदस्यलाई सदस्यता लिन तथा सूचीकृत कम्पनीहरुलाई धितोपत्र अभौतिकीकरण आव्हान गरिएकोमा मिति २०६९/२/२५ गते निक्षेप सदस्यताको लागि आवेदन दिएको नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेडको आवश्यक पूर्वाधारहरुको निरीक्षण गरी संचालक समितिको निर्णय अनुसार मिति २०६९/५/२८ गतेका दिन सिडिएससि र निक्षेप सदस्य बीच सम्झौता गरी निक्षेप सदस्यता प्रदान गरियो । यसरी नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लि. समेतलाई गरी निक्षेप सदस्यको संख्या ४ (चार) पुगेको छ ।

सम्झौतामा यस लि. का तर्फबाट प्रमुख कार्यकारी अधिकृत सुबोध शर्मा सिग्देल र निक्षेप सदस्य नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लि. का तर्फबाट प्रमुख कार्यकारी अधिकृत प्रविण रमण पराजुलीले हस्ताक्षर गर्नु भयो ।

साथै धितोपत्र अभौतिकीकरण गरी आवश्यक पूर्वाधार तयार गर्न एभरेष्ट बैंक लि., बैंक अफ काठमाण्डू लि., नागरिक लगानी कोष, शिखर ईन्स्योरेन्स कम्पनी लि., हिमालयन बैंक लि., सिद्धार्थ बैंक लि., रोयल मर्चेन्ट बैंकिङ्ग एण्ड फाईनान्स लि. र एभरेष्ट फाईनान्स लि. पत्राचार गरिएकोमा एभरेष्ट फाईनान्स लि. ले आवश्यक पूर्वाधार तयार गरी मिति २०६९/५/२८ गतेको धितोपत्र अभौतिकीकरण गर्ने सम्झौता भयो । हालसम्म धितोपत्र अभौतिकीकरण गर्ने कम्पनीको संख्या ३ ( तीन) पुगेको छ ।

सम्झौतामा यस लि. का तर्फबाट प्रमुख कार्यकारी अधिकृत सुबोध शर्मा सिग्देल र धितोपत्र अभौतिकीकरण गर्ने एभरेष्ट फाईनान्स लि. का तर्फबाट प्रबन्ध संचालक खिम बहादुर कार्कीले हस्ताक्षर गर्नु भयो ।

मिति : २०६९/५/२८

Subodh

तेस्रो तल्ला, शिखर बिज सेन्टर, थापाथली, काठमाण्डौं, नेपाल ।
Third Floor, Shikhar Biz Centre, Thapathali, Kathmandu, Nepal.
Tel.: 4101593, Fax: +00977-1-4101597
Website: http://www.cdscnp.com